प.स./यूलाइक/ च.नं.४४८३.../२०७९/८०
मिति : २०७९/१२/१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय: बिशेष साधारण सभा एवं शेयर दाखिल खारेज (Book Close) को जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड संचालक समितिको मिति २०७९/१२/१९ गते दिनको ३:०० बजे कम्पनीको कर्पोरेट कार्यालय नयाँ बानेश्वर-१०, काठमाण्डौमा बसेको ९१ औं बैठकको निर्णयानुसार कम्पनीको बिशेष साधारण सभा निम्न मिति, समय र स्थानमा गर्ने निर्णय भएको ब्यहोरा जानकारीका लागि अनुरोध गर्दछु । साथै सभामा छलफल तथा निर्णयार्थ पेश हुने प्रस्तावहरुको सूचि यसै साथ संलग्न गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति: २०८० साल बैशाख ०६ गते बुधवार (तद्अनुसार १९ अप्रिल २०२३) ।
स्थान: टाइगर प्यालेस रिसोर्ट, भैरहवा रुपन्देही ।
समय: बिहान १०:३० बजे ।

साथै कम्पनीको बिशेष साधारण सभा प्रयोजनको लागि मिति २०७९।१२।२७ गते एक दिनको लागि शेयर दाखिल खारेज (Book Close) कार्य बन्द गर्ने निर्णय भएको ब्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछौं ।

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

बोधार्थ

१. श्री नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री कम्पनीको रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।

# विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९। १२। २० गते )**

यस कम्पनीको मिति २०७९/१२/१९ गते आईतबार ( तद्नुसार २ अप्रिल, २०२३) बसेको संचालक समितिको ९१ औं बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

**मितिः** २०८०/०१/०६ गते बुधबार ( तद्नुसार १९ अप्रिल, २०२३ )

**स्थानः** टाईगर प्यालेस रिसोर्ट, भैरहवा, रुपन्देही ।

**समयः** १०:३० बजे ।

**छलफलका विषयहरु :**

**(क) विशेष प्रस्ताव अन्तर्गत :**

१. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात बन्ने जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम "हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड" तथा अंग्रेजीमा "Himalayan Life Insurance Limited" कायम गरी सो नामबाट जीवन बीमा व्यवसाय संचालन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता सुबोध एण्ड एशोसिएट्स, चार्टड एकाउण्टेन्टसद्धारा तयार गरिएको यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (due Dilligence Report (DDR) अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको आधारमा यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको (तीनै कम्पनीको) शेयर अनुपात क्रमशः १:१:१ कायम गरी गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी कार्यको लागि गरिएको अन्तिम संझौतापत्र (Scheme of Agreement), सहमतीपत्र (Memorandum of Understanding) तथा अन्य भए गरेका मर्जर सम्बद्ध संझौताहरुको अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने ।

५. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (due Dilligence Audit (DDA) तयार गर्नका लागि नियुक्त हुनु भएका लेखापरीक्षक/मुल्यांकनकर्ताको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिकको अनुमोदन गर्ने ।

६. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको संझौता बमोजिम सो को आवश्यक स्वीकृतीको लागि नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणमा निवेदन गर्न र गाभ्ने/गाभिने कार्य संग सम्बन्धित प्रचलित कानुन, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात गठन हुने संचालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार संचालक समितिलाई दिने तथा गाभिए पश्चात बन्ने कम्पनीको संचालक समितिमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट चयन भई आउनु हुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

८. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको साविक संचालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै अवधि बाँकी रहेको भएता पनि गाभिने कार्य सम्पन्न भई साविक तिन वटै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयाँ संचालक समिति गठन भए पश्चात विद्यमान संचालकहरुको कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयाँ संचालक समितिको कार्यकाल समेत गाभिए पछि बन्ने संस्थाको प्रथम बार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको केन्द्रिय कार्यालय जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १, काठमाण्डौंमा रहने तथा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

१०.यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको नाम, अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि हुने हुँदा सोहि मुताविक कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरु संसोधन गरी अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

११.यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व समेत फेरबदल हुने हुँदा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरुमा संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

१२.यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने उपरोक्त संसोधनहरुमा नियमनकारी निकायले कुनै फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) विविधः**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**बिशेष साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको बिशेष साधारणसभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७९ साल चैत्र २७ गते एक दिनको लागि बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अगावै अर्थात मिति २०७९ साल चैत्र २६ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा शेयर कारोबार गरी कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाण्डौंको शेयरधनी दर्ता कितावमा कायम हुन आएका शेयरधनीहरुले मात्र साधारणसभामा भाग लिन पाउने छन् ।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहने छ । सभामा सहभागिताको लागि शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र, शेयर प्रमाणपत्र वा हितग्राही खाताको विवरण साथमा लिई आउनु पर्नेछ ।

३. प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी कम्पनीको शेयरधनीलाई नियुक्त गरी कम्पनीको कर्पोरेट कार्यालयमा सभा शुरु हुनु भन्दा ७२ घण्टा अगाडी दर्ता गरी सक्नु पर्नेछ ।

५. कम्पनीको शेयरधनी दर्ता कितावमा कायम हुन आएका नावालक शेयरधनीहरुको संरक्षकले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नु हुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

८. छलफलका विषय/सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ३ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

९. बिशेष साधारण सभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय नयाँ बानेश्वर काठमाण्डौंमा सर्म्पक राख्न वा कम्पनीको वेवसाइट www.unionlife।अफलाउ मा समेत हेर्न हुन अनुरोध गर्दछौं ।


UnionLife INSURANCE CO. LTD.
जीवन अमूल्य छ, सुरक्षित गर्नुहोस्

**यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**रजिष्टर्ड अफिसः** सिद्धार्थनगर नगरपालिका वडा नं.८, रुपन्देही

**कर्पोरेट अफिसः** नयाँ बानेश्वर १०, काठमाण्डौं ।

Phone: 01-4784758, 01-4786225, 01-4786339, Fax: 01-4785926

P.O.B No.: 104, टोल फ्रि नं.: १६६०-०१-०५५५५, ०१-४७८७९१०,

Email: info@unionlife.com.np, Web : www.unionlife.com.np